पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुविधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २७ गते शनिबार ❑ 11 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पर्यटनबाट गण्डकीलाई समृद्ध बनाउन सकिन्छ : सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले गण्डकी प्रदेशको समृद्धिको मुख्य आधार पर्यटन रहेको बताउनुभएको छ।

सुनौलो नेपालद्वारा शुक्रबार पोखरामा आयोजित ' गण्डकीको पर्यटन, अर्थतन्त्रको उडान' विषयक सम्वाद कार्यक्रममा उहाँले दुई ठूला मुलुक चीन र भारतसँग सीमा जोडिएको गण्डकी प्रदेशले पर्यटन क्षेत्रबाट उल्लेख्य लाभ लिन सक्ने बताउनुभएको हो।

उहाँले चीनसँगको कोरला नाकामा एकीकृत सरकारी कार्यालयसहित आवश्यक पूर्वाकार निर्माण गरिने बताउनुभयो । "भन्सार, अध्यागमनलगायतका कार्यालय कोराला नाकामा खोल्नुपर्छ, त्यहाँबाट चिनियाँबाट नेपाल भित्रने वातावरण बन्यो भने पोखरासहित सिङ्गो गण्डकी प्रदेशको पर्यटन विकासमा ठूलो टेवा पुग्छ", उहाँले भन्नुभयो।

बुटवल-पोखरा र सौराहा-पोखरा राजमार्ग स्तरोन्नतिकार्य भइरहेकाले सडकमार्ग आउने पर्यटकलाई सहजता थपिने मन्त्री गुरुङले बताउनुभयो । उहाँले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान सुरु भएमा गण्डकी प्रदेशले पर्यटनमा ठूलो फड्को मार्ने बताउनुभयो। "पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई अन्तर्राष्ट्रिय उडानका लागि पहल भइरहेको छ, केही राष्ट्रिय ध्वजावहाक एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान सेवाका लागि तयारी गरिरहेका छन्", मन्त्री गुरुङले भन्नुभयो, "पोखरामा आन्तरिक उडानको संख्या पनि उल्लेख्य रुपमा बढेको छ।" विमानस्थललाई नाफाघाटाका रुपमा मात्र हेर्न नहुने भन्दै उहाँले विमानस्थलका कारण बढ्ने आर्थिक गतिविधिले मुलुकलाई समृद्धिमा लैजाने बताउनुभयो।

विश्वपर्यटनबजारमापरिचित पोखरासहित आसपासका क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणमा जोड दिँदै उहाँले पोखरामा अन्तर्राष्ट्रियस्तरको सभाकक्ष र प्रदर्शनी केन्द्र बनाउनुपर्नेमा जोड दिनुभयो। मन्त्री गुरुङले ठूला पूर्वाधार आयोजना नबनाएसम्म मुलुकले समृद्धि हासिल नगर्ने बताउनुभयो । उहाँले प्रस्तावित निजगढ अन्तर ष्ट्रिय विमानस्थलसहित अहिले सञ्चालनमा रहेका तीन अन्तर्राष्ट्रिय विमानस्थलले अन्तर्राष्ट्रियस्तरमा नेपालको सम्बन्ध र पहुँच विस्तार हुने धारणा राख्नुभयो । प्रकृति, संस्कृति र साहसको सङ्गमको रुपमा चिनिएको पोखरालाई खेलकुदको पनि केन्द्र बनाउन सकिने उहाँको भनाइ छ। मन्त्री गुरुङले मुलुक अहिले आर्थिकरुपमा समस्याग्रस्त अवस्थामा रहेको भन्दै आर्थिक गतिविधि चलायमान बनाउन बाधक देखिएका पुराना ऐन/कानुन द्रुत मार्गबाट संशोधन र परिमार्जनको काम भइरहेको बताउनुभयो।

"सरकारलाई काम गर्न अवरोध गरिरहेका विभिन्न ११ कानुन संशोधनको काम सम्बन्धित मन्त्रालयबाट अगाडि बढाइएको छ", उहाँले भन्नुभयो।

## जलवायु परिवर्तनको असर न्यूनीकरणमा विश्वलाई सन्देश दिनुपर्छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले जलवायु परिवर्तनका असर न्यूनीकरणमा नेपालले विश्वलाई सन्देश दिनुपर्नेमा जोड दिनुभएको छ।

वातावरण तथा जलवायु परिवर्तन सरोकार विभागद्वारा पार्टी कार्यालय सानेपामा शुक्रबार आयोजित वन, वातावरण तथा जलवायुपरिवर्तनसरोकारसम्बन्धी कार्यपत्र प्रस्तुतिकरण कार्यक्रममा बोल्दै सभापति देउवाले डिजेल, पेट्रोलको प्रयोग घटाउनुपर्ने र विद्युतीय सवारीसाधन प्रयोगलाई बढाउनुपर्ने बताउनुभयो। "जलवायु परिवर्तनको असरले नेपाल पीडित छ, यसको असर न्यूनीकरणका लागि नेपालले चाहेर मात्रै हुँदैन, नेपालले विश्वलाई सन्देश दिनेगरी गर्नसक्ने विषय धेरै छन्," उहाँले भन्नुभयो । उहाँले काठमाडौं उपत्यकामा मात्रै विद्युतीय सवारीसाधनको प्रयोग बढाउन सके जलवायु परिवर्तनका असर न्यूनीकरणमा ठूलो उपलब्धि हुने धारणा राख्नुभयो। "समुन्द्री सतह बढेको छ, हिमाल नाङ्गो भइरहेको छ, त्यसैले नेपालले सबैभन्दा बढी ध्यान दिनुपर्ने विषय जलवायु परिवर्तन हो", सभापति देउवाले भन्नुभयो । उहाँले देशमा ६० प्रतिशत जङ्गल बचाउन सकेमा मात्रै ठूलो मद्दत पुग्ने बताउनुभयो। पार्टीका सहमहामन्त्री महालक्ष्मी उपाध्यायले नेपालले अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तनको मुद्दाको नेतृत्व गर्नुपर्नेमा जोड दिनुभयो । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले जलवायु परिवर्तनको समस्या सृजना गर्नमा हाम्रो योगदान नगन्य भए पनि जलवायु सङ्कट समाधान गर्नमा, नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो।

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं वातावरण तथा जलवायु परिवर्तन सरोकार विभाग प्रमुख कल्याण गुरुङले जलवायु परिवर्तनको विषयमा पार्टीभित्र नीति तय गरी कानुन निर्माणमा क्रियाशील रहने बताउनुभयो । कार्यक्रममा जलवायु परिवर्तनको विषयमा अनुसन्धानरत विज्ञहरुले कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो।

## 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट यथाशीघ्र नियमित उडान सुरु हुने'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट केही महिनाभित्र नियमित उडान सुरु हुने बताउनुभएको छ।

'सुनौलो नेपाल अनलाइन प्राइभेट लिमिटेड'द्वारा शुक्रबार पोखरामा आयोजित 'गण्डकीको पर्यटन र अर्थतन्त्रको उडान' विषयक अन्तरसंवाद कार्यक्रममा उहाँले राष्ट्रिय ध्वजाबहाक हिमालयन एयरलाइन्सले पोखरा-ल्वासा उडानको तयारी गरिरहेको बताउनुभयो । "हिमालयन एयरलाइन्सले केही महिनाभित्रै उडान सुरु गर्दैछ, त्यसका लागि स्वीकृति लिने प्रक्रिया अन्तिम चरणमा पुगको छ, नेपाल एयरलाइन्सलाई पनि अन्यत्रको उडान कटौती गरेर




भएपनि पोखराबाट अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गर्न सरकारले अनुरोध गरिरहेको छ", मन्त्री पाण्डेले भन्नुभयो। भारतसहित अन्य मुलुकमा पनि पोखराबाट अन्तर्राष्ट्रिय उडान सेवा सुरु गर्न सरकारले पहल गरिरहेको उहाँले बताउनुभयो।

हालै भारतका नागरिक उड्डयनमन्त्री र चीनका राजदुतसँग भएको भेटमा पनि उक्त विषयमा गम्भीरताका साथ छलफल गरिएको पाण्डेले जानकारी दिनुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भविष्य उज्ज्वल रहेको उल्लेख गर्दै उहाँले विमानस्थल सञ्चालन हुन सक्दैन भनेर निराशा बाँड्न नहुने धारणा राख्नुभयो।"पचासौं वर्षलाई हेरेर विमानस्थल निर्माण गरिएको हो, निराश हुनुपर्ने कुनै कारण छैन, विमानस्थल सञ्चालन गर्न सम्भव छ र हुन्छ", मन्त्री पाण्डेले भन्नुभयो, "पोखरा मुलुकको पर्यटकीय केन्द्र भएकाले विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय हुँदा अर्थतन्त्र सबल हुनुका साथै पर्यटन प्रवर्द्धन हुने अपेक्षा लिएका छौं।" चीनका विभिन्न गन्तव्यबाट चार्टर उडान भएपछि विमानस्थलको प्राविधिक पक्षलाई लिएर गरिएका आशङ्का पनि हटेको उहाँले बताउनुभयो।

## पोखरामा स्काई डाइभिङ सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



पोखरामा नेपाली प्रशिक्षकहरूले स्काई डाइभिङ शूरु गरेका छन्। विभिन्न मुलुकमा स्काई डाइभिङमा काम गरि अनुभव लिइ सकेका युवाहरूले स्काई डाइभिङ थालेका हुन्।

यसअघि विदेशी प्रशिक्षकले डाइभिङ गराउदै आएको भए पनि यस पटक नेपाली टोलीले मात्रै स्काई डाइभिङ गराएका हुन् । सिम्रिक एयर र इन स्काई डाइभ कम्पनीले पोखरामा स्काई डाइभिङ शुरु गरेका हुन्। शुक्रबार देखि २१ जनवरीसम्म स्काई डाइभिङ हुने इन स्काई डाइभ कम्पनीका सञ्चाल तथा प्रशिक्षक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## थमन महेश स्मृति पत्रकारिता पुस्कारबाट दीपक परियार पुरस्कृत हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

यस बर्षको थमन महेश स्मृति पत्रकारिता पुस्कारबाट पोखराका कृयाशील पत्रकार दीपक परियार पुरस्कृत हुनु हुने भएको छ।

प्रेस सेन्टर नेपाल जिल्ला समिति कास्कीको शनिबार पोखरामा हुने छैठौं अधिवेशनको अवसरमा उक्त पुरस्कार प्रदान गरिने भएको प्रेस सेन्टर कास्कीले जनाएको छ । कान्तिपुर राष्ट्रिय दैनिकमा आबद्ध परियार जनपक्षिय पत्रकारितामा करिब डेढ दशक भन्दा बढी समय देखि क्रियाशील हुनुहुन्छ, उहाँलाई शनिबार नगद २५ हजार रुपैया सहित पुरस्कृत गरिने भएको प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीले बताउनु भयो । प्रेस सेन्टरका सल्लाहकार अग्रज पत्रकार कोमलनाथ बरालको संयोजकत्वमा प्रतिभा छनोट समितिले दिएको सिफारिसको आधारमा प्रेस सेन्टर कास्कीले परियारलाई पुरस्कृत गर्ने निर्णय गरेको हो। उक्त समितिमा अग्रज पत्रकार विश्वप्रकाश लामिछाने, पूर्व सम्मानित विभु भुषाल, पदेन सदस्यमा प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडी र सचिव पुष्प दाहाल रहनु भएको थियो।

प्रेस सेन्टर कास्कीको छैटौं अधिवेशनले आगामी ३ बर्षीय कार्यकालको लागि नयाँ नेतृत्व समेत चयन गर्ने भएको छ। उक्त अधिवेशनको तयारी पूरा भएको अध्यक्ष दवाडीले जनाउनु भयो। उक्त कार्यक्रमको शनिबार बिहान ठिक ९:०० बजे पोखराको बाँस्तोलाथरमा रहेको शिल्भर प्लेट पार्टी प्यालेसमा पूर्व उपप्रधान तथा गृहमन्त्री एवं नेकपा माओबादी (केन्द्र) का बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले उद्घाटन गर्नुहुने भएको छ।

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

◆ धुम्रापान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,
◆ यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
◆ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
◆ कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,
◆ धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# भेटघाटको थलो बन्यो लेखनाथ महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पुस १८ गतेदेखि कास्कीको लेखनाथमा जारी २० औं संस्करणको लेखनाथ महोत्सव भेटघाटको थलो बनेको छ । वर्षेनी आयोजना हुने महोत्सवमा विभिन्न जिल्लाबाट महोत्सव हेर्न आउने कारण आफन्त र साथीभाइको लामो अन्तरालमा भेट हुने गरेको छ ।

पोखरा-३२ निवासी भरत ओझाले भने कति “साथी यहाँ भेटेर अचम्म लाग्यो, १४ वर्षपछि मैले पुरानो साथी योगेन्द्र गुरुङलाई भेट्न पाएँ” यसरी अचम्म पर्नेमा ओझा मात्र होइन थुप्रै दर्शक थिए । पोखरा २७ का कृष्ण रानाभाटले ४८ सालमा भेटेका आफनो आत्मीय साथी कृष्ण ठकुरीले अहिले महोत्सवमै भेटे । अन्य दर्शकहरुसमेत स्कुल पढ्



दाका साथी र टाढाका आफन्त भेटेर खुसी व्यक्त गरिरहेका थिए ।

नयाँपन खोज्नका लागि लेखनाथ महोत्सव आउने दर्शकले बालापनको साथी भेट्ने रहरसमेत राख्ने गर्छन् । पुरानो सम्बन्धमा रमाउन पाउँदा दर्शक निकै खुसी भएको लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष तथा महोत्सवका मूल संयोजक विनोद श्रेष्ठले बताए । उनले भने, ’यो महोत्सव खाली महोत्सवका लागि मात्र नभएर आत्मीयता र भेटघाटको थलो पनि बनेको छ ।’ महोत्सवमा चर्चित दोहरी कलाकारबाट दोहोरी प्रस्तुति, हास्यव्यंग्य कलाकार बाट हास्य प्रस्तुति, पप कलाकारबाट पप कर्न्सट साथमा मोडन डान्समा दर्शकहरू रमाइलो लिएका छन् ।

शनिबार दोहोरीतर्फ बाल कलाकार सुप्रिम मल्ल ठकुरी, आशा बिसी, जिवन दाहाल, शिवहरी ढुंगाना, कृष्ण अखेली, रमा राना, माया केसी लगायतको प्रस्तुत रहनेछ भने बेलुका लाईभ कन्सर्टमा राजु लामा (मंगोलियन हर्ट)को प्रस्तुती रहने कलाकार व्यवस्थापन समितिका संयोजक उपेन्द्रराज सुवेदी (राजु) ले जानकारी दिए । महोत्सवमा शुक्रबार २७ हजार दर्शकले अवलोकन गरेका छन भने ७५लाख बराबरको कारोबार भएको महोत्सवकी प्रचार प्रसार संयोजक जानुका पराजुलीले जानकारी दिईन । हालसम्म १ लाख ५० हजार दर्शकले अवलोकन र ४ करोड ५० लाखको कारोबार भएको छ । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने महोत्सवको सह-आयोजकमा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश र नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश रहेका छन भने प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेका छन ।

# पोखरा महोत्सवमा युनाईटेड छात्राबासका लागि सहयोग आउने क्रम सुरु

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पोखराको अमरसिंह चौरमा जारी पोखरा महोत्सवमा युनाईटेड क्लबले पोखराको लेखनाथ स्थित अर्चलेमा निर्माण गरिने युनाईटेड छात्राबास निर्माणको सहयोगार्थ सहयोग आउन शुरु भएको छ । युनाईटेड क्लबको परियोजना युनाईटेड छात्राबास निर्माणका लागि ५१ हजार सहयोग प्राप्त भएको हो ।

कास्की पोखरा १६ अर्मलाकोट पुरानो घर भइ हाल पोखरा १२ अन्नपूर्ण टोल निवासी स्वर्गीय छोरा देव गुरुङको स्मृतिमा बाबा कमल बहादुर गुरुङ आमा रनसुबा गुरुङले युनाईटेड क्लब पोखराको परियोजना युनाईटेड छात्राबास निर्माण सहयोगार्थ ५१ हजार दान स्वरुप पोखरा महोत्सव आयोजक युनाईटेड क्लबका पदाधिकारीहरुलाई प्रदान



गरेका हुन । शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र सेती नदी संरक्षणमा काम गर्दै आइरहेको युनाईटेड क्लबले पोखरा महानगरपालिका वडा नं २७ अर्चलेमा रहेको आफ्नै जग्गामा युनाईटेड छात्राबास निर्माण गर्दैछ । उक्त कार्यको महोत्सव अगाडी शिलान्यास भइसकेको र १३ औं पोखरा महोत्सव संमापन संगै निर्माण कार्यलाई अगाडी बढाइने युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले बताए । युनाईटेड छात्राबासको निर्माण विभिन्न सहयोगी मनहरुको सहयोग, सरकारी निकायको सहयोग र युनाईटेड क्लबको सक्रियतामा निर्माण हुने भएकाले उक्त कार्यमा सहयोग गर्न चाहनेले महोत्सव स्थलमा समेत सहयोग गर्न सक्ने अध्यक्ष थापाको भनाइ रहेको थियो । महोत्सवको दोश्रो दिन दर्शकको उल्लेख्य उपस्थिती रहेको । महोत्सवमा उपस्थित दर्शकहरुलाई लोक तथा दोहोरी गायक राजु परियारले आफ्नो प्रस्तुती मार्फत मनोरन्जन प्रदान गरे । परियारले आफ्नो एकल गीत र दोहोरी मार्फत दर्शकहरुलाई मनोरन्जन प्रदान गरेका थिए । शुक्रबार महोत्सवमा राजु परियार संगै चालेन्द्र पौडेल, तुलसा क्षेत्री, मन्जु बिक, केशव देवकोटा, टस गुरुङ, दुर्गा क्षेत्री, रमेश थापा मगर, हास्यब्यंग्य तर्फ बलराम गिरी सरकारको प्रस्तुती मार्फत दर्शकहरुले मनोरन्जन लिएका थिए । महोत्सवको तेश्रो दिन शनिवार लोकदोहोरी तर्फ सम्झना लामिछाने मगर, पुरुषोत्तम न्यौपाने, चोलेन्द्र पौडेल, तुलसा क्षेत्री, अमर धिताल, सविना गुरुङ, डिप्लप खाती, नविना सुवेदी नवु, सनम तामाङ लगायतको प्रस्तुती रहने महोत्सव कलाकार ब्यवस्थापन उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए । त्यसैगरी लाइभ ब्याण्ड तर्फ शनिवार टुकी र स्थानिय कलाकारहरुको प्रस्तुती रहने छ ।

# संगीतबिना पर्यटन अधुरो

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

राष्ट्रिय संगीतकर्मी संघ गण्डकी प्रदेशको आयोजनामा संगीत र पर्यटन विषयक गोष्ठी सम्पन्न भएको छ ।

नेपालको पहिलो होम स्टे सिरुबारीमा शुक्रबार भएको उक्त गोष्ठीको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले संगीतबिना पर्यटन अधुरो हुने बताए । उनले भने, ‘हामीले जानेको ज्ञान, विद्या अरुलाई बाँड्नुपर्छ । संगीतामार्फत पर्यटनको विकासमा अघि बढ्नुपर्छ ।’ संविधानसभा सदस्य समेत रहेका उनले गाउँ विकासका लागि सधैं दत्तचित्त रहेको बताउँदै बिदा उनेवित्तिकै सिरुबारी आउने गरेको उल्लेख गरे । संस्कृतिविद् प्राडा कुसुमाकर न्यौपानेले संगीतमा निकै ठूलो शक्ति रहेको बताए । संगीत र पर्यटनबारे गोष्ठीपत्र प्रस्तुत गर्दै उनले मन र मस्तिष्क दुवैलाई धक्का दिन सक्ने संगीतले मानवमात्र नभई पशुपंक्षीलाई पनि मन्त्रमुग्ध बनाउने बताए । उनले संगीतको माध्यमबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य टेवा मिल्दै आएको उनको भनाइ थियो ।

रेडियो नेपाल प्रादेशिक केन्द्र पोखराका प्रमुख शान्ति गुरुङले संगीत जति बुझ्यो त्यति गहिरो



रहेको बताइन् । राष्ट्रिय संगीतकर्मी संघका केन्द्रीय महासचिव विनोद ढकालले हाल देशभर संघका ६२ जिल्लामा शाखा संचालित रहेको बताए ।

कार्यक्रममा गण्डकी विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङ, संस्कृतिकर्मी प्राडा कुसुमाकर न्यौपाने, संघका महासचिव विनोद ढकाल, केन्द्रीय सदस्य शंकर ढकाल, संघका स्याङ्जा प्रमुख सल्लाहकार मुक्तिप्रसाद रेग्मीलाई सम्मान गरिएको थियो । सो अवसरमा आँधीखोला गाउँपालिकाका अध्यक्ष विश्व पौडेल, गाउँपालिका सदस्य अमन सुनार, गुरुङ फिल्मका महानायक ताराबहादुर गुरुङ, आँधीखोला गाउँपालिका वडा १ का अध्यक्ष पवनकाजी अधिकारी, संघका केन्द्रीय सदस्यद्वय शंकर ढकाल, ऋषिराम दाहाल, संघका स्याङ्जा शाखाका प्रमुख सल्लाहकार मुक्तिप्रसाद रेग्मी, वाराही मावि पोखराका प्रअ शिवप्रसाद भण्डारी, संघ गण्डकीका मानार्थ सदस्य प्रेमबहादुर रोका, संघका स्याङ्जा अध्यक्ष बुद्धिबहादुर परियार, संघ गण्डकी प्रथम उपाध्यक्ष लीलाराम पौडेल, लायन्स क्लब अफ पोखरा सेन्ट्रल सिटीका सचिव इन्द्रप्रसाद ढकाल लगायतको उपस्थिति थियो ।

राष्ट्रिय संगीतकर्मी संघ गण्डकी प्रदेशक अध्यक्ष रामचन्द्र ढकालले संस्थाका गतिविधिबारे प्रकाश पारे । अध्यक्ष ढकालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संस्थाका द्वितीय उपाध्यक्ष सागर कार्की र संचालन महासचिव बालकृष्ण शर्माले गरेका थिए । कलाकारको हकहितमा काम गर्दै आएको संघको विदेशमा पनि शाखा बिस्तार छ । बेलायत, अमेरिका, जापान, दुवई, भारत लगायत राष्ट्रमा पनि शाखा बिस्तार गरेको संघका महासचिव ढकालले जानकारी दिए ।

## पोखरामा ...

एलिश थापाले जानकारी दिए । यसअवधिमा स्काई डाइभिङ गर्नका लागि कम्पनीले भिआइपी र डिलक्स गरी दुइवटा प्याकेज बनाएको थापाले बताए । भिआइपीको १ लाख १५ हजार रूपैयाँ र डिलक्सको ९५ हजार रूपैयाँ पर्ने उनले जानकारी दिए । विदेशीलाई भने थप ५ हजार बढि लाग्ने उनले बताए । स्काई डाइभका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले सिम्रिक एयरलाई १५ दिनको अनुमति दिएको छ । स्काई डाइभका लागि पोखरा विमानस्थलबाट हेलिकप्टर उडान गरी पोखरा २३ लौराकको १३ हजार फिट आकाशबाट डाइभ गर्ने छन् । माथिबाट डाइभ गरेका मानिस लौरुकको फाँटमा उत्रिने छन् । यो कार्यक्रमपछि यात्रुको माग आएमा कम्पनीले नियमित रुपमा स्काई डाइभिङ गराउने योजना बनाएको थापाले बताए । एलिसलाई सुवास थापा, मनिष हिराचन, आशिष थापा र नेपालको पहिलो महिला स्काइडाइभर यसोदा केसीले साथ दिएका छन् । नेपालको प्राकृतिक सुन्दरतालाई विश्वभरका साहसिक पर्यटकलाई पुऱ्याएर नेपालमा आकर्षित गर्नु रहेको बताए ।

# ‘अपाङ्गता भएका व्यक्तिहरू समतामूलक समाजको हिस्सा हुन्’- प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टले अपाङ्गता भएका व्यक्तिहरू समाजका अभिसाप नभई समतामूलक समाजको हिस्सेदार रहेको बताउनुभएको छ ।

कास्की नेत्रहीन संघको आयोजनामा भएको सम्मान कार्यक्रममा प्रमुख अतिथि भट्टले मुलुकमा समग्र जनसंख्याको दुई प्रतिशत बढी अपाङ्गता भएका व्यक्तिहरू रहेको तथ्यांक रहेकाले अपाङ्गता भएका व्यक्तिभित्रको विविधताको सम्मान गर्दै नीति तथा योजना निर्माणमा उनीहरुको सार्थक सहभागिताको सुनिश्चितता गर्न आवश्यक रहेकोमा जोड दिनुभयो । अपाङ्गता भएका व्यक्तिहरूले आत्मसम्मान र पहिचानसहित स्वतन्त्र रुपले हिँडडुल गर्न पाउने अधिकार रहेको उल्लेख गर्दै उहाँले उनीहरूलाई रोजगारी प्रदान गरी सहज जीवनयापनका लागि सक्षम बनाउनु मुख्य दायित्व रहेको बताउनुभयो । ‘रोजगारीको व्यवस्थापन, सीप विकासका साथै अपाङ्गता भएका व्यक्तिको हित प्रवर्द्धन गर्नका लागि सरकारको प्रतिबद्ध छ । अपाङ्गतामैत्री संरचना र सेवा जरूरी छ । सामाजिक सुरक्षाको प्रबन्ध गर्नुपर्नेछ ।’ उहाँले भन्नुभयो- ‘अपाङ्गता भएकाहरुको समानुपातिक समावेशी सहभागिता अपरिहार्य छ । उनीहरूको सहजताका लागि राज्यसहित सबै क्षेत्र जिम्मेवार तथा जबाफदेही बन्न आवश्यक ठानेको छु ।’ दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको छापा अक्षरमा अन्य



व्यक्तिसरह पहुँच स्थापित गर्न आवश्यक रहेकोमा पनि उहाँले जोड दिनुभयो ।

‘नेपालमा एकातिर विभिन्न स्वास्थ्यसम्बन्धी कारणबाट दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या बढ्दै गइरहेको देखिन्छ ।’ प्रदेश प्रमुख भट्टले भन्नुभयो - ‘अर्कोतर्फ समाजमा उनीहरूप्रति गरिने व्यवहार, मुलुकमा दशकौँदेखि व्याप्त रुढी, अन्धविश्वास र भेदभावलगायतका कारण दृष्टिविहीन अपाङ्गहरूले मानव भएर पनि न्यूनतम मानवअधिकारको उपभोग गर्न पाइरहेका छैनन् ।’ प्रदेश प्रमुख भट्टले नेपाल नेत्रहीन संघमा निर्वाचित अध्यक्ष शिशिर खनालसहितका संघीय पदाधिकारीहहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालमा दृष्टिविहीनहरूको हक अधिकार स्थापित गर्न उल्लेखनीय कार्यसम्पादन हुने अपेक्षा पनि राख्नुभयो । उक्त अवसरमा प्रदेश प्रमुख भट्टले मृत्युपर्यन्त नेत्रदान गर्ने घोषणा पनि गर्नुभयो । ‘आँखासहित मेरा अंगहरु कसैको जीवनप्राप्तिमा काम लाग्छ भने यसको लागि म प्रतिवद्धता व्यक्त गर्दछु ।’ प्रदेश प्रमुख भट्टले भन्नुभयो ।

कार्यक्रममा दृष्टिविहीनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनेहरूलाई सम्मान पनि गरिएको थियो । कास्की नेत्रहीन संघका अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय अपांग महासंघका पूर्व अध्यक्ष डा. वीरेन्द्रराज पोखरेल, नेपाल नत्रहीन संघका अध्यक्ष शिशिर खनाल, संस्कृत माविका अध्यक्ष विष्णुप्रसाद अधिकारी, पोखरा वडा नं. १ का अध्यक्ष सहारा प्रधान, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य, नेपाल सरकार उपसचिव मिरा अधिकारी, संस्थाकी उपाध्यक्ष सुनिता ज्ञवालीलगायतले दृष्टिविहीनका हकअधिकारका बारेमा बोलेका थिए ।

# विश्वकप क्रिकेट खेल्न जाने नेपाली टोलीको बिदाइ

रासस
काठमाडौं, २६ पुस

मलेसियामा आयोजना हुने आइसिसी यु-१९ (उन्नाइस वर्षमुनि) महिला विश्वकप क्रिकेट प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई शुक्रबार बिदाइ गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ(क्यान) द्वारा आयोजित एक कार्यक्रममा पूजा महतोको कप्तानीमा रहेको नेपाली टोलीलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, क्यानका पदाधिकारीलगायतले सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभएको हो । युवा तथा खेलकुदमन्त्री चौधरीले नेपाली युवा टोलीले उत्कृष्ट खेल प्रदर्शन गर्नेमा आफू विश्वस्त रहेको बताउँदै विद्यालयस्तरदेखि नै खेल क्षेत्रलाई अगाडि बढाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को आयोजनामा हुने उक्त प्रतियोगिता आगामी माघ ५ देखि २० गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालको यो पहिलो सहभागिता हो । विभिन्न १६ राष्ट्र सहभागी विश्वकपमा नेपाल समूह ‘डी’ मा परेको छ । नेपालको समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड छन् । नेपालले समूह चरणको पहिलो खेल आगामी माघ ५ गते बङ्गलादेशसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यस्तै दोस्रो खेल माघ ७ गते स्कटल्याण्डसँग खेल्नेछ भने माघ ९ गते अस्ट्रेलियासँग खेल्नेछ । विश्वकपको समूह ‘ए’ मा आयोजक मलेसियासहित भारत, श्रीलङ्का र वेस्ट इण्डिज छन् । त्यस्तै समूह ‘बी’ मा इङ्ग्ल्याण्ड, आयरल्याण्ड, पाकिस्तान र अमेरिका छन् भने समूह ‘सी’ मा न्यूजील्याण्ड, समोआ, दक्षिण अफ्रिका र नाजेरिया रहेका छन् । नेपाली युवा टोलीमा कप्तान महतोसँगै सोनी पाख्रिन, किरनकुमारी कुँवर, कृष्मा गुरुङ, साना प्रविन, स्नेहा महरा, सावित्रा धामी, रचना चौधरी, अनु कडायत, तृषना विक, रिया शर्मा, अलिशाकुमारी यादव, कुसुम गोदार, सिमाना केसी र ज्योत्सिका मरासिनी रहेका छन् ।

# कालिज फार्ममा पसेको चितुवाको जीवितै उद्धार

पोखरापत्र संवाददाता
पर्वत, २६ पुस

जिल्लाको जलजला गाउँपालिका-५ कुवापानीबाट एउटा चितुवा नियन्त्रणमा लिइएको छ । स्थानीय हर्कबहादुर पुनको ‘एनिपादह कृषि तथा पशुपक्षी फार्म’मा बुधबार दिउँसो छिरेको चितुवा नियन्त्रणमा लिइएको हो ।

बुधबार दिउँसो पसेको चितुवालाई आज बिहानमात्र नियन्त्रणमा लिन सफल भएको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ । पोखराबाट आएका वन्यजन्तु उद्धार टोलीले कार्यालयका वन अधिकृत रामबहादुर विकको नेतृत्वमा चितुवालाई जीवितै उद्धार गरी नियन्त्रणमा लिइएको विकले जानकारी दिनुभयो । बिहीबार साँझ फार्ममा पुगेको उक्त टोलीले रातभर प्रयास गरेपछि आज बिहान उद्धार गरेको उहाँले बताउनुभयो ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
- मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कास्कीको मादी गाउँपालिका नागीधार गाउँमा हुने नागीधार महोत्सवको तयारी तिव्र

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

कास्कीको मादी गाउँपालिका वडा नम्बर ८ नागीधार गाउँमा हुने नागीधार महोत्सवको तयारी तिव्र पारिएको छ। महोत्सव माघ ४ देखि ६ गते सम्म चल्ने छ।

महोत्सवमा आयोजना गरिएको विभिन्न प्रतियोगिताहरुमा सहभागिताका लागि विभिन्न युवा क्लब, आमा समूह, विद्यालय, टोल विकास संस्थाहरु साथै अतिथिहरुका लागी पत्रचारका कामहरु भइरहेको महोत्सव सन्चालन संयुक्त मुल आयोजक समितिका सदस्य तथा नागीधार सिर्जनशील युवा क्लबकी कोषाध्यक्ष एलिसा गुरुङ्ले जानकारी दिइन् । महोत्सव स्थल खेलमैदान मर्मत तथा सफाइका कामहरु समेत भइरहेको समिति सदस्य खिम घलेले जानकारी दिए।

नागीधार गाउँको सर्वाङ्गिण विकासमा क्रियाशील सामाजिक संस्थाहरु नागीधार सिर्जनशील युवा क्लब, सबुदुम्हर्सो तमु समाज नागीधार र नेदा तमु सेवा समिति पोखरा लगायत संस्थाहरुको संयुक्त आयोजना तथा नागीधार टोल विकास संस्था, नागीधार विश्वकर्मा एकता समाज, सोंथर बैंसी विकास समिति लगायत संस्थाहरुको सहयोग तथा प्रवर्द्धनमा महोत्सव हुन लागेको नेदा तमु सेवा समाज पोखराका अध्यक्ष राजकुमार गुरुङ्ले जानकारी दिए।

नागीधार गाउँ तथा त्यस आसपास क्षेत्रको पर्यटन प्रवर्धन, खेलकुद प्रवर्द्धन, संस्कृति संरक्षण तथा प्रवर्द्धन, मनोरन्जन साथै प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको महोत्सव सन्चालन संयुक्त मुल आयोजक समितिका संयोजक तथा मादी -८ का जनप्रतिनिधि ओम प्रकाश गुरुङ्ले जानकारी दिए।

महोत्सवकै अवसरमा खेलमैदान परिसरमा समाजसेवी लक्ष्मी गुरुङद्वारा निर्माण गरिएको प्रतिक्षालय उद्घाटन, समाजसेवी सर बहादुर गुरुङ, नर बहादुर गुरुङ कृष्ण प्रसाद गुरुङको परिवारद्वारा निर्माण गरिएको खानेपानी धारा र चौतारा उद्घाटन गरिने कार्यक्रम समेत तय गरिएको छ। महोत्सवको उद्घाटन गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङ्द्वारा गरिने र समापन मादी गाउँपालिका अध्यक्ष देवीजङ गुरुङ उपाध्यक्ष कल्पना गुरुङ्द्वारा गरिने संयोजक ओम प्रकाश गुरुङ्ले जानकारी दिए। उनका अनुसार महोत्सवको दोस्रो दिन एनआरनए युकेका पूर्व अध्यक्ष मेजर डमर घले र सांस्कृतिक नृत्य प्रतियोगिताको प्रमुख अतिथि समाजसेवी नर बहादुर गुरुङ रहने छन्।

महोत्सवमा खेलकुद प्रतियोगिताहरु तर्फ खुल्ला सेभेन ए साइड पुरुष फूटबल, खुल्ला पुरुष छेलो फाल्ने, पुरुष तथा महिला रसी तान्ने रहेका छन् भने सांस्कृतिक कार्यक्रमहरु तर्फ खुल्ला सामूहिक नृत्य प्रतियोगिता, स्थानीय गाउँहरुको आमा समूह नाच, युवा क्लबको ठेटार नाच, घाँटु नाच, कृष्ण चरित्र नाच, चर्चित गायक गायिकाहरुको प्रस्तुतति सांस्कृतिक झाँकीहरु लगायत प्रस्तुति रहने छन्। त्यस्तै शैक्षिक कार्यक्रमहरु तर्फ कक्षा १ देखि ३ सम्मका विधार्थीहरुका लागि खुल्ला श्रुती लेखन प्रतियोगिता, कक्षा ४ देखि ८ सम्मका विधार्थीहरुका लागि मादी-८ को समृद्धि र पर्यटन प्रवर्द्धनका लागि सम्भावनाहरु के के हुन सक्छन् भन्ने शीर्षकमा खुल्ला वक्तित्वकला प्रतियोगिता राखिएको सबुदुम्हर्सो तमु समाज नागीधारका अध्यक्ष होम बहादुर गुरुङ्ले जानकारी दिए। महोत्सवलाई सफल पार्न विभिन्न उपसमितिहरु समेत गठन गरिएको छ।

साथै समाजसेवी ब्यक्ति तथा संघ संस्थाहरुले आर्थिक सहयोग समेत गरिरहेको आर्थिक उपसमिति संयोजक प्रकाश गुरुङ्ले जानकारी दिए। ३ दिनसम्म चल्ने उक्त महोत्सवलाई ५ हजार जना दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ। त्यस्तै प्रतियोगिताहरुमा सहभागिताका लागि फुटबल तर्फ ३० टीम, सामूहिक नृत्य तर्फ १५ टीम, रसी तान्ने तर्फ १० टीम र छेलो फाल्ने प्रतियोगिता तर्फ धेरैजनाको सहभागिता रहने अपेक्षा गरिएको खेलकुद संयोजक तथा नागीधार सिर्जनशील युवा क्लबका अध्यक्ष विशाल घलेले जानकारी दिए।

पोखरा-१३ भद्रकाली काँहुखोला बाट भैसे, भगवतीटार, थुम्सीकोट, गहते, मिजुरे, पाखुरीकोट गाउँ हुँदै ३५ किमि को दुरीमा नागीधार गाउँ सवार साधन बाट सजिलै पुग्न सकिने नागीधार सिर्जनशील युवा क्लबका उपाध्यक्ष बसन्त गुरुङ्ले जानकारी दिए। त्यस्तै पोखरा -२६ बिजयपुर बाट कालिका, सौरे, भगवतीटार भएर पनि पुगिन्छ भने पोखरा -३१ बेगनास बाट सौरे, भगवतीटार थुम्सीकोट भएर पनि नागीधार गाउँ पुग्न सकिन्छ। पोखरा बाट थुम्सीकोट सम्म २० किमि सडक पिच रहेका छन् भने बाँकी १५ किमि कच्ची रहेका छन्। हाल नागीधार र पाखुरीकोट गाउँमा केहि होम स्टेहरु र स्थानीय होटेलहरु समेत सञ्चालनमा रहेका छन्।

# भाउजू मनमस्तिष्कमा सधैं बाँचिरहनु हुनेछ

उत्तम कुमार ढेवाजू



आज १३ औं दिनको पुण्य तिथि

जिउँदै जाने जीवन यात्राको क्रममा, आरोह अवरोह पार गर्ने सिलसिलामा अनेक खालका सुख-दुःख, हाँसो-रोदन, खुशी-पिडाका अनुभुतीहरु, सानाठूला समस्याहरु साथै अनगिन्ती दैनिकी भोगाइहरुसँगै हामी सम्पूर्ण मानवजाती बाँचीरहेका हुन्छौं। रहरले होस् अथवा बाध्यताले होस् जेनतेन यो जिन्दगीलाई अगाडी बढाइरहेका हुन्छौं। उत्कृष्ट जीवन बाँच्ने, हाँस्ने अनि हँसाउने, सबैको माया पाउने, सम्पूर्णको मायालु अनि हाइहाइ भएर जिउने उत्कण्ठा इच्छा सबैलाई हुन्छ तर विधिको विडम्वना सबैजनाको इच्छा र चाहना कहाँ पूरा हुन्छ र ? जिम्मेवारीको बोझ काँधमा बोक्दा बोक्दै काँध छियाछिया भएर जाला तर मन भित्रको इच्छा आश गर्दागर्दै मरेर जान्छ। भन्न त भन्छन् "सन्तोषंम् परंम् सुखम्" तर खैत जिन्दगीमा सन्तोष भएको ? मन त लाग्छनी सुखी, खुशी अनि सन्तोषी भएर बाँच्न तर अभागीको खप्पर सधैंको ठक्कर, सम्पूर्ण भएर पनि सधैं अपूर्ण, आफ्ना परिवारसँग, छरछिमेकसँग तथा सारा जगतसँग खुशीभएर सुखी जीवन बाँच्ने इच्छा सबैलाई हुन्छ तर भगवानले सबैलाई त्यो भाग्य कहाँ दिएको हुन्छ र ? त्यहि इच्छा, चाहना र आकांक्षालाई मनभरि सजाउँद सजाउँदै चोला सकिएर जान्छ अनि यो मानव अस्तित्व नै संसारबाट विलिन भएर जान्छ। सायद यो पृथ्वीमा कोही त्यस्तो प्राणी छैन होला जस्को सम्पूर्ण इच्छा पूरा भएको होस् र त्यस्तो कुनै पनि घर छैन होला जहाँ कसैको मृत्यु नभएको होस् र कसैलाई शोक नपरेको होस्। यो सारा सृष्टी अथवा व्रम्हाण्डमा यदि कुनै कुरो झुटो छैन भने त्यो मृत्यु नै हो जुन अकाट्य छ र ध्रुवसत्य छ। जन्म पछि मृत्यु, दिन पछि रात अनि सुख पछि दुःख यो संसारिक नियम नै हो जो अविरल चलिरहन्छ। विहानीले रातको समापनलाई पर्खि बसे जस्तो जीवनले पनि मृत्युलाई कुरिरहन्छ निरन्तर, अनि निरन्तर जुन एक दिन गएर अवश्य टुङ्गिन्छ। सबै प्राणीको लागि अप्रिय त्यो मृत्यु कहाँ ?, कसरी ?, कुन बेला ?, हुन्छ त्यो ठम्याउन मुस्किल छ।

जे भएपनि कुनै मानिसको मृत्यु भएपछि उसको भौतिक शरीर यो संसारवाट विदा भएपनि स्मृतिको पानाहरुमा दिंवगत व्यक्तिको यादहरु अमिट छाप बनेर बाँचिरहेको हुन्छ। हरेक मानिसको मनमस्तिष्क र स्मृतिमा यस्ता अनेकौं घटना र दिवंगत मानिस र प्राणिको यादहरु कहिल्यै नमेटिने गरी बसिरहेको हुन्छ। मेरो जीन्दगीको यात्रामा पनि मेरो मनमस्तिष्कमा यस्ता अनेकौं अमरपात्रहरु जसले संसार छाडेर गएपनि बाँचिरहेका छन। अनगिन्ती यस्ता प्रिय पात्रहरु सम्झदा मेरो प्यारी भाउजूलाई हामीले कहिल्यै विर्सन सक्दैनौ। उहाँसँगको मेरो सामिप्यता, उहाँको सरलता, उहाँले जीवनसँग गर्नु भएका संघर्षको, उहाँको मायालुपन अनि हाँसिलोपनको जुन उहाँसित सम्पर्कमा भएका सबैलाई बिदितै छ। आफूभन्दा सानालाई सधैं माया गर्ने, नकारात्मक कुराहरुबाट टाढारहन सचेत गराउने, आफ्नो समकक्षी साथीहरुसँग सधैं प्रेम भाव राख्नुहुने अनि ठूला र मान्यजनप्रति सदैव आदर भाव राख्नुहुने मेरो भाउजू एक सफल र असल गृहणी हुनुहुन्थ्यो। भाउजूको बारेमा लेख्दा लेख्दै मेरो पिता समान दाजुको बारेमा केहि कुराहरु नलेख्दा यो लेखनै थोरै अपुरो जस्तो हुन्छ की भन्ने लागेर म केहि प्रसंङ्ग दाजुका बारेमा पनि लेख्न चाहन्छु। मेरो दाजु एक कर्तव्यनिष्ठ नागरिक, जिम्मेवार अभिभावक र सधैं कर्म प्रति विश्वास राख्ने निष्ठवान चरित्रको हुनुहुन्छ। उहाँले हामी दुई भाइलाई सदैव एक पिताले गर्नुपर्ने कर्तव्य, माया र दायित्व वहन गर्नुभयो जस्को परिणाम स्वरुप आज हामी दुई भाइ आजको अवस्थामा आफ्नो पहिचान सहित उभिन सफल भएका छौं।

छोटकरीमा भन्नुपर्दा उहाँ हाम्रो एक असल, सफल र जिम्मेवार अभिभावक हुनुहुन्छ। त्यस्तै पारिवारिक जिम्मेवारी वहन गर्ने सिलसिलामा वहाँ २०५४ साल तिर घरको आर्थिक अवस्थालाई मध्यनजर राख्दै आफ्नो साना अवोध दुई छोराहरु (अच्युत र अमन) र प्यारी श्रीमती (मञ्जु ढेवाजू) लगाएत हामी सम्पूर्णलाई छोडेर विदेश जानुभयो दाजु जिवन। यहिँ निर कुरा आउँछ मेरो भाउजूको दृढ निश्चय र आत्मबलको जो आफ्नो श्रीमान घर नहुँदा पनि घर परिवारको जिम्मेवारी वहन गर्न सक्छु भन्ने। वहाँले कति पनि विचलित नभइ बरु आफूले सक्दो सहयोग गरेर आफ्नो प्राण भन्दा प्यारो श्रीमानलाई विदेश जान आग्रह गर्नुभयो र पठाउनुभयो। त्यस पछिका दिनहरुमा उहाँले आफूलाई निरन्तर छोराहरुको पालन पोषण र पारिवारिक जिम्मेवारी आफूलाई समर्पित गराउनु भयो। दिन महिना भन्दा भन्दै वर्ष अनि वर्ष भन्दा भन्दै लगभग १६ वर्ष सम्म आफ्नो प्यारो श्रीमानको मायालाई सम्झनामा समेट्दै जीवन विताउनु भयो। लाउँलाउँ खाउँखाउँ भन्ने जवानीका दिनहरुमा कसलाई पो आफ्ना श्रीमानसँग छुट्टिएर एक्लै बस्न मन लाग्ला र ! तर पनि वहाँले आफ्नो मन भित्रको इच्छा र चाहनालाई छोराहरुको पालन पोषण र पारिवारको खुशीसँग साट्नु भयो। यस्तो खालको त्याग र बलिदान सायदै विरलै नारीहरुमा पाइन्छ। म कहिले काँही भाउजूलाई भन्ने गर्थे "भाउजू दाइलाई नेपाल आउनु भन्नु न सँगै बस्ने इच्छा लाग्दैन तपाइँलाई ?" भन्दा मनभरि पिडालाई गाँठो पार्दै भन्नु हुन्थ्यो "आफ्नो लोग्नेको साथमा बस्ने इच्छा कसलाई पो हुँदैन र मलाई पनि छ नी तर सोचेको जस्तो सबैकुरा कहाँ पुग्छ र भाइ !" त्यसो भन्दा भन्दै वहाँको आँखाबाट खस्न मात्र बाँकी रहेका टलपल आँसुका रेखाङ्कनहरु म प्रष्ट देख्न सक्थें।

पछिल्लो समयमा जव छोराहरु पनि अव त ठूला भइसके, कमाउन सक्ने भए भन्ने लागेर वहाँ पनि अव त केहि समय म पनि लोग्नेको काखमा गएर मायाको संसर्गमा हराउन चाहन्छु भनेर कागजपत्र मिलाइवरी यु.के. जानुभयो। तर नियतीको खेल वहाँलाई लोग्ने सँगै बसेर लोग्नेको माया पाउने भाग्यनै भगवानले नलेखि दिएको रहेछ। मनभरि आशा, उमङ्ग र इच्छा लिएर लोग्नेसँग माया साटेर जीवनका केहि समय खुशीमा रमाउँछु मायालु, श्रीमानको काखमा भनेर गएकी मेरी भाउजू विरामी भएर अपरिचित विदेशीहरुको रेखदेखमा हस्पीटलको शैयामा सुत्नु पऱ्यो र कष्टकर दिनहरु विताउनु पऱ्यो। भगवान पनि कति निर्दयी र निष्ठुरी भएका होलान। किन मेरो भाउजूको भागमा खुशी नलेखिदिएका होलान्। किन जिन्दगीभर आँसु, पिडा र कष्ट मात्र। के जीवनमा अरु सरह हाँस्ने, खुसीहुने र उत्साहमा रमाउने मन मेरो भाउजूलाई थिएन र ?

"दुःखीको घरमा मात्र तेरो बास हुने भए हे भगवान मलाई अझ दुःख देउ !" भनेर बालकृष्ण समले आफ्नो नाटक 'मुकुन्द इन्दीरा'मा लेखेका यी शब्दहरु मलाई मेरो भाउजूको जीवनसँग ठ्याक्कै मेल खाएको आभास हुन्छ। यो लेख लेखुञ्जेल पनि मेरो भाउजूको सम्झनाले पिडामा मेरोमन कति रोयो रोयो भनि साध्य छैन, गनि साध्य छैन। २०८१ साल पौष १५ गते गुरुङ जातिको महान चाड ल्होसारको दिन चारैतिर हर्षोल्लास र उमङ्गले भरिएको थियो तर आफ्नो मन मस्तिष्क भने घरिघरि काठमाण्डौको हस्पीटलमा भएको विरामी भाउजूको सम्झनाले झस्कीरहन्थ्यो। के भयो होला, कसो भयो होला भनेर बारम्बार दाइलाई फोन गरेर सोध्ने पनि गरिरहेको थिए। दाइ मनमारेर भएपनि ठिकै छ पिर नगर भन्नु हुन्थ्यो। रातीको भान्छा सकेर हामी स-परिवार सुत्ने तरखरमा लाग्यौं तर त्यो रात मलाइ राम्रो निन्द्रा परेको थिएन। छटपट छटपट मात्र भइरहेथ्यो। राती करिव १२ वजे अचानक बहिनी (सविना) को फोन आयो। मध्यराती अवेर किन फोन गरिछन् बहिनीले भनेर फोन के उठाएको थिए उताबाट एक्कासी बहिनी अत्तिएर रोएको आवाज आयो 'दाइ लौन यो के भयो काठमाण्डौमा भाउजू त बित्नु भएछ' भनेर आत्तिएर सकीनसकी अड्की अड्की रुँदै बोल्दै थिइन। एक्कासी यस्तो खवरले हामी श्रीमती र म अवाक् स्तब्ध र किंकर्तव्यविमूढ भयौं। के गरौं कसो गरौं केहि सोच्नै सकिन अचानक श्रीमती र हामीहरु रुन थाल्यौं।

तर राती १२ वजे कसलाई भन्ने कसलाई नभन्ने केही सोच्नै सकिन। त्यो रात छटपट छटपट मन आँसु र पिडा बोकेर सुत्नैसकिन। विहानीपख (४:३० वजे) तिर यसो १५/२० मिनेटजति आँखा लागेछ। सपना देखेछु अनौठो खालको, ४ वर्ष अगाडी नै मृत्युवरण गरिसकेका मेरो बुबा मृत्यु शैयाबाट जागा भएर आउनु भयो र म खुशी भए अव त मेरो भाउजू पनि उठेर आउनु हुन्छ तर फोनको घण्टीले म झस्किए उताबाट दाइको फोन आइरहेको र भन्दै हुनुहुन्थ्यो हामी यहाँबाट भाउजूको शब लिएर आउँदैछौं म फेरी झसङ्ग भए मन पिडाले अनि आँखा आँसुले भरिएर आयो। विरामी हुँदाको केहि समय लगभग १० दिन जति म पनि भाउजूसँगै काठमाण्डौको हस्पिटलमा थिएँ। कान्छा भाइ म कहिले घर फर्किने हो म मेरो परिवारजन, छरछिमेक, साथीहरुसँग कहिले भेट्ने हो भनेर बारम्बार सोधीरहनु हुन्थ्यो। उहाँलाई आफ्नो घर फर्किने उत्कण्ठ इच्छा थियो तर वहाँको घर आउने इच्छा सदाको लागि विलय भएर गयो। हामी सबैलाई छोडेर वहाँ आँफै यस संसारबाट सदाको लागि हराउनु भयो। वहाँ विहे गरेर आउँदा म करिब १८/१९ वर्षको जतिको अल्लारे थिएँ। म वहाँलाई साह्रै सताउँथे कहिले के भनेर कहिले मागेर तर वहाँ कहिल्यै रिसाउनु भएन सधैं माया नै गर्नु भयो। मलाई मेरो आमा नहुँदा जति पिडा भएको थियो आज भाउजुको मृत्युले त्यो पिडालाई दोब्बर बनाएर एकदमै टुहुरो भएको आभास भइरहेछ। त्यो घर जहाँ भाउजू हुनुहुन्थ्यो, कति चहलपहल थियो कति हर्षोल्लास र रौनक थियो आज शुन्य शुन्य लागिरहेछ। कहाँ कहाँ के के हराए जस्तो केही गुमाए जस्तो अनि त्यहाँको वरिपरिको वातावरण नै शुन्यतामा व्यप्त भएजस्तो लागिरहेछ।

जीवन पछिको मृत्यु निश्चित छ र अटल अनि सत्य पनि हो जुन कहिल्यै मिथ्या र झुटो सिद्ध हुन सक्दैन। जन्मे पछि मर्नै पर्ने यो नियमलाई कसैले बदल्न पनि सक्दैन तर पनि आफ्नो प्रियजनको अवसानले सबैलाई आघात पुऱ्याउँछ र म लगायत मेरो सम्पूर्ण परिवारलाई मेरो भाउजूको मृत्युको शोकले गहिरो पिडामा डुबाएको छ। भाउजू, तपाइँको सम्झनाको तस्वीर मेरो मनको फ्रेममा सदैव सजिरहनेछ, बसिरहनेछ। तर यथार्थको धरातलमा उभिएर हेर्दा तिमी त यस संसारबाट विलिन भइसकेका रहेछौ। तिमी त हराइ सकेका रहेछौ। फेरी पनि यो मन कति पनि मानिरहेको छैन यो सत्यलाई स्वीकार्न र भन्न मन लाग्छ भाउजू एकचोटी आउनु न, तिमी हामी सबैलाई छोडेर कहाँ हरायौ भाउजू, तिमी कहाँ हरायौ..........?

लेखकः कान्छा देवर

# उत्कृष्ट विद्यालय र विद्यार्थी पुरस्कृत

पोखरापत्र संवाददाता
म्याग्दी, २६ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले उत्कृष्ट सामुदायिक विद्यालय र उत्कृष्ट विद्यार्थीलाई नगदसहित पुरस्कृत गरेको छ। बिहीबार गाउँपालिकाको केन्द्र मौवाफाँटमा आयोजित १८औँ गाउँसभामा एसइई परीक्षा २०८० मा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने ज्ञानोदय माविलाई नगद रू एक लाख ५० हजारसहित सम्मानपत्रद्वारा पुरस्कृत गरिएको हो।

गत वर्षको एसइईमा नियमिततर्फ ६५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै पालिकामा पहिलो हुन सफल भएको ज्ञानोदय माविबाट परीक्षामा सहभागी २० विद्यार्थीमध्ये १३ जना विद्यार्थी नियमित रूपमा उत्तीर्ण भएका थिए। यसअघिका दुई वर्षसमेत रघुगङ्गामा ज्ञानोदय माविले एसइईमा औसत जिपीएका आधारमा पालिकामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको थियो। गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारी, उपाध्यक्ष प्रेमकुमारी पुन, प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीलगायतले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि सुवेदी र प्रधानध्यापक विजय शर्मालाई नगद र प्रमाणपत्र प्रदान गर्नुभएको थियो। गाउँपालिकाले एसइईमा तीन दशमलव ७८ जिपीएसहित उत्तीर्ण हुन सफल रघुगङ्गा मावि पिप्लेकी छात्रा आशिका भुजेललाई नगद रू २५ हजारसहित पुरस्कृत गरेको छ।

विद्यालय तहको शैक्षिक नतिजामा उत्कृष्ट हुने विद्यालय, विद्यार्थी र शिक्षकलाई समेत सम्मान र पुरस्कृत गर्ने गाउँपालिकाको नीतिअनुरूप गाउँसभाको अवसरमा पुरस्कार प्रदान गरिएको अध्यक्ष भण्डारीले बताउनुभयो। गाउँसभामा उपाध्यक्ष पुनले प्रस्तुत गर्नुभएको चालु आर्थिक वर्ष २०८०/८१ का लागि रू दुई करोड तीन लाखको संशोधित बजेट स्वीकृत भएको छ। गत असारमा सम्पन्न गाउँसभाले बजेट विनियोजन गरेको तर विविध कारणले कार्यान्वयन हुन नसकेका योजनाको नाम तथा बजेट सभाबाट संशोधन गरिएको गाउँपालिकाले जनाएको छ।


## तपाईको आज


| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : २०१०/०९/०७ गते

स्वर्गारोहण : २०८१/०९/१५ गते

स्व. रामजीत प्रसाद बानियाँ

यस ज्ञानमार्ग स्वतन्त्र महिला समुहकी सदस्य ईसा बानियाको पति **रामजीत प्रसाद बानियाँ** को ७१ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**लक्ष्मी ताम्राकार**
**अध्यक्ष तथा**
**ज्ञानमार्ग स्वतन्त्र महिला समूह परिवार**
**नदीपुर-३, पोखरा**

# आमा समुह स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस




पोखरा महानगर पालिका वडा नं.६ स्थित महिला सञ्जाल को आयोजनामा आयोजित वत्तृत्वकला प्रतियोगितामा सञ्जीबनी नारी समुहकी शोभा पाण्डे प्रथम भएकी छन ।

अन्नपूर्ण आमा समुहको संयोजकत्वमा पोखरा महानगर पालिका वडा नं. ६ को आर्थिक सहयोग र महिला सञ्जाल पोखरा ६ को आयोजनामा आयोजित प्रतियोगितामा पोखरा महानगर पालिका वडा नं.६ मा रहेका १८ वटा आमा र महिला समुहको सहभागिता रहेको प्रतियोगितामा शुक्रबार सम्पन्न भएको हो । पोखरा महानगर पालिका वडा नं ६ लाई "सम्मुनत वडा बनाउन आमा र महिला समुहको भुमिका" विषयमा प्रतियोगीहरुले आफ्नो प्रस्तुती प्रस्तुत गरेका थिए । प्रतियोगितामा अन्नपूर्ण आमा समुहकी चन्द्रा रानाभाट द्धितीय, मितेरी नारी समुहकी निरा पौडेल तृतीय र धादिङ्ग त्रिपुरा बाराही समुहकी रचना अधिकारीले सान्त्वना स्थान प्राप्त गरेका हुन् । प्रतियोगिताको उद्धाटन गर्दै प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं. ६ वडा अध्यक्ष विष्णु बहादुर भट्टराइले आमाहरुमा रहेका अतिरिक्त प्रतिभालाई उजागर गर्न सकियोस भनरे कार्यक्रमको आयोजना गरिएको बताउदै, यस्ता किसिमका कार्यक्रमबाट वडामा निर्धारण गरेका लक्ष्य हासिल गर्न सहज हुने बताउनुभयो । उहाँले महिला दिदिबहिनी हरुमा धेरै किसिमका प्रतिभा रहेका हुन्छन्, जसलाई प्रस्फुटन गर्ने बातावरण निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्न नसकेको बताउनुभयो ।

अध्यक्ष बविता मल्लाको अध्यक्षतामा सम्पन्न भएको प्रतियोगितामा पोखरा महानगर पालिका वडा नं.६ की वडा सदस्य शोभा जलारी, संयोजक रेनु लामिछाने र सञ्जालकी तृतिय उपाध्यक्ष भगवती बानिया केसी लगाएतले नारीहरुमा लुकेका प्रतिभालाइ उजागर गर्न महिला संञ्जालले वक्तृत्वकला प्रतियोगिता राखेर अवसर प्रदान गरेकोमा आभार प्रकट गरेका थिए ।

वक्तृत्वकलाको निर्णायक मण्डलमा ताल बाराही माध्यमिक विद्यालयका प्रअ तारा प्रसाद पोखेल, प्राध्यापक दिपेन्द्र पहारी र शिक्षिका टिका न्यौपाने रहनुभएका थियो । विजयी प्रतियोगीहरुलाई क्रमशः आर्कषक पुरस्कार सहित ट्रफि तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ मा वडा कार्यालय देखि घरेडी गाउँसम्म जाने बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : वडा कार्यालय घरेडी मोटर बाटो
उपभोक्ता समितिको नाम: वडा कार्यालय घरेडी मोटर बाटो उपभोक्ता समिति, पोखरा-२२
योजना सम्झौता मिति : २०८१/०९/०३
योजना सुरु मिति : २०८१/०९/०४
योजना सम्पन्न मिति : २०८१/१२/३०
महानगरपालिका बाट प्राप्त : ५,००,०००/-
जनसहभागीता : ८८,५९८/१२
योजनाको कुल लागत : ५,८८,५९८/१२

**रामचन्द्र गुरुङ**
अध्यक्ष तथा
**वडा कार्यालय घरेडी मोटर बाटो उपभोक्ता समिति**
पोखरा-२२, कास्की

# विन्ध्यवासिनी माविमा रक्तदान, ३९ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरा १६ बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयमा आयोजित रक्तदानमा ३९ युनिट रगत संकलन भएको छ ।

विद्यालयको ७८ औं वार्षिकोत्सवको अवसरमा युवा रेडक्रस सर्कलले शुक्रवार विहान आयोजना गरेको कार्यक्रमको गण्डकी प्रदेश सभाका पुर्व सदस्य कृष्ण थापाले पहिलो रक्तदाता मातृशिशु मितेरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धर्मराज थापालाई ब्लड व्याग हस्तान्तरण गरी शुरुवात गर्नुभयो । कार्यक्रममा पुर्व सांसद थापाले शैक्षिक उन्नयनमा सफलता हासिल गरेको विद्यालयले सामाजिक कार्यमा समेत उत्तिकै भुमिका खेलेको वताउनु भयो ।

विद्यालयका सल्लाहकार समेत रहेका थापाले विद्यालयका पुर्व विद्यार्थी विभिन्न क्षेत्रमा कृयाशिल रहेको भन्दै, उनीहरुलाई विद्यालयको सर्वोपरि हितमा केन्द्रित हुन आग्रह गर्नुभयो । विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले सबैको सम्वनयवाट नै विद्यालयले शैक्षिक सफलता हासिल गर्नुका साथै विभिन्न कार्यक्रम गर्न सकेको वताउनुभयो । विद्यालय व्यवस्थापन समितिका सदस्य मेहरमान नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा १६ का वडा सदस्य राजकुमारी बानियाँ, मञ्जु नेपाली, रेडक्रस सोसाईटी कास्कीका सदस्य सुवासबावु अधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष भीमप्रसाद पौडेल, दिप युनाईटेड क्लवका अध्यक्ष विष्णु गुरुङ, विद्यालयका पुर्व अध्यक्ष चन्द्रा अधिकारी थापा, समाजसेवी दुर्गा केसी थापा लगायतले मानिसको सवैभन्दा ठुलो कर्म मानव सेवा हुने वताए । विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले स्वागत गर्नुभएको कार्यक्रमको संचालन संयोजक शिक्षक नायक विष्णु प्रसाद पौडेलले गर्नुभएको थियो ।



कार्यक्रममा विद्यालयका सुचना अधिकारी राम वहादुर बानियाँले ५४ औं पटक, धर्मराज थापाले ५१ औं पटक, नविन अधिकारीले ३१ औं पटक, धर्मदत्त अधिकारीले २७ औं पटक, शंकर थापाले २६ औं पटक रक्तदान गरेका थिए । शुक्रवारै विज्ञान तथा प्रविधी प्रर्दशनी पनि शुरु भएको छ । शनिवारसम्म चल्ने प्रर्दशनीको विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले शुभारम्भ गर्नुभयो । शनिवार वार्षिकोत्सव तथा अभिभावक दिवसको मुल कार्यक्रम हुने र सो कार्यक्रममा विभिन्न अक्षयकोषको पुरस्कार वितरण, अक्षयकोषदाता, उत्कृष्ट शिक्षक, कर्मचारी सम्मान सहित साँस्कृतिक कार्यक्रम गरिने विद्यालयका सुचना अधिकारी राम वहादुर बानियाँले जानकारी दिनुभयो । वार्षिकोत्सवको आन्तरिक वाहेकका सम्पुर्ण तयारी पुरा भएको वताईएको छ । करिव १ हजार ५ सय विद्यार्थी अध्ययनरत सो विद्यालय, सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट विद्यालयको रुपमा नेपाल सरकारवाट सम्मानित भई सकेको छ ।

# माघ दोश्रो साता पाचौं टाईगर कप पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरामा विगत ४ वर्ष देखि संचालन हुदै आएको चर्चीत टाइगर कप भलिवल प्रतियोगितालाई यस वर्षदेखि एनसेलले साथ दिने भएको छ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा हुने उक्त प्रतियोगितालाई सफल पार्न टेलिकम्युनिकेशनमा देशकै स्थापित सस्था एनसेलले टाइगर कपलाई मुख्य प्रायोजन गर्ने भएको टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्माले बताउनुभयो । उहाँले भन्नुभयो "यस बर्ष एनसेल पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता-२०८१' आउँदो माघ १२ गते देखि सुरु हुदैछ ।" एनसेल मुख्य प्रायोजक बन्ने सम्झौता पत्रमा हस्ताक्षर समेत भएको छ । टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्मा र एनसेलका प्रतिनिधिले हस्ताक्षर गर्नु भएको हो । उक्त प्रतियागिता माघ १९ गतेसम्म पोखरा रंगशालामा संचालन हुने भएको छ । प्रतियोगितामा नेपाल र विदेशका चर्चीत क्लव तथा खेल संघ संस्थाको टिम गरी पुरुष तर्फ ६ र महिला तर्फ ६ टिमबीच प्रतिस्पर्धा हुने भएको छ । प्रतियोगिता विजेता दुवै समुह महिला/पुरुष तर्फका टिमहरुलाई ५ लाख ८५ हजार ५ सय ५५ प्रदान गरिने भएको छ । उपविजेता हुने टोलीलाई सम्मान पुरस्कार २ लाख ८५ हजार ५ सय ५५ रुपैया र तेश्रो हुनेलाई १ लाख ८५ हजार ५ सय ५५ रुपैया साथमा शिल्ड, मेडल र प्रमाण-पत्र प्राप्त गर्ने भएको संस्थाका सचिव डिबी नेपालीले बताउनुभयो । संस्थाले पोखरा रंगशालामा भलिवल कोर्ट मर्मत संहारको लागि माटो हाल्ने सहित रंग रोगनको काम अघि बढाएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।।

## हार्दिक श्रद्धाञ्जली

जन्मः
वि. स. २०२१/०३/०३ गते



स्वर्गारोहणः
वि.स. २०८१/०९/१५ गते

**स्व: मञ्जु ढेवाजू**

हाम्रा प्रात स्मरणीय धर्मपत्नी एवम् ममतामयी आमा **मञ्जु ढेवाजू** को ६० वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**श्रीमानः जीवन कुमार ढेवाजू**
**छोराहरूः**
**अच्युत ढेवाजू**
**अमन ढेवाजू**

**एवम्**
**ढेवाजू परिवार**
**पोखरा-१३, गौडाकोमुख**

**पूनश्चः मिति २०८१ पुस २७ गते शनिबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ११: ०० बजेदेखि स्थानः पोखरा-१३, गौडाकोमुख**